# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

♦ २०७० जेठ ♦ वर्ष ३ ♦ अंक १



आधुनिक बैंकिङ्ग | ग्रामीण बैंकिङ्ग | लघुवित्त बैंकिङ्ग

एकैसाथ सञ्चालन गर्ने नेपालको पहिलो वितीय संस्था

## मुक्तिनाथ विकास बैंक लिमिटेड
## MUKTINATH BIKAS BANK LIMITED

**केन्द्रीय कार्यालय**
पोखरा-९, पृथ्वीचोक
फोन नं.: ०६१-५२२७८६, ५२७८०५
फ्याक्स: ०६१-५३७९५२, ५२४१९२
Email: info@muktinathbank.com.np

**लघुवित्त विभाग**
पोखरा-९, पृथ्वीचोक
फोन नं.: ०६१-५३८०३९
फ्याक्स: ०६१-५२४१९२
Email: mfd@muktinathbank.com.np

Website: www.muktinathbank.com.np

# सहायक महाप्रबन्धकमा तिल बहादुर गुरुङ नियुक्त

मुक्तिनाथ विकास बैंक लिमिटेडको सहायक महाप्रबन्धकमा तिल बहादुर गुरुङ्ग नियुक्त हुनुभएको छ । खुला प्रतियोगिताबाट सहायक महाप्रबन्धकमा नियुक्त गुरुङ्गले मिति २०६९ माघ ७ बाट जिम्मेवारी सम्हाल्नु भएको छ ।

श्री गुरुङ्गले १४ बर्ष भन्दा बढी बैंकिङ्ग अनभुव संगाल्नु भएको छ । यस बैंकमा नियुक्ति हुनु पूर्व उहाँ एच एण्ड बि डेभलपमेन्ट बैंक लिमिटेडमा मुख्य प्रबन्धक पदमा कार्यरत हुनुहुन्थ्यो भने गुरुङ्गले ७ बर्ष हिमचुलि विकास बैंकको समेत अनभुव संगाल्नु भएको छ । गुरुङ्गले त्रिभुवन विश्व विद्यालयबाट व्यवस्थापन विषयमा स्नाकोत्तर गर्नु भएको छ ।

वाणिज्य बैंकिङ्ग सम्बन्धी नेपाल राष्ट्र बैंक तथा बिभिन्न संघ संस्थाबाट तालिम लिनुभएको छ । सहायक महाप्रबन्धकमा नियुक्त गुरुङ्गले आधुनिक बैंकिङ्ग डिभिजन प्रमुखको रुपमा जिम्मेवारी सम्हाल्दै आउनु भएको छ ।

## बैंकको प्रगति विवरण

**(२०७० बैशाख मसान्तसम्मको विवरण)**

| सूचकहरु | बैंकिङ्ग तर्फ | लघुवित्त तर्फ | कुल |
|---|---|---|---|
| कार्यालय संख्या | १५ | २१ | ३६ |
| वचतकर्ता संख्या | ५१,०४६ | ४५,९४१ | ९६,९८७ |
| ऋणी संख्या | १,९८० | २९,५३६ | ३१,५१६ |
| लगानीमा रहि रहेको कर्जा | २,२५,४७,९३,६६२/- | ६३,४४,२०,१९०/- | २,८८,९२,१३,८५२/- |
| बाँकी निक्षेप /बचत | २,७९,७६,१०,६२२/- | ४९,६७,७१,८५७/- | ३,२९,४३,८२,४७९/- |
| कर्मचारी संख्या | १६५ | १३८ | ३०३ |
| समेटेको गा.वि.स/न.पा. | | १५९ | १५९ |

## हार्दिक बधाई तथा शुभकामना




यस बैंकको लघुवित्त विभाग डेस्क कार्यालय गगनगौंडाका कार्यालय प्रमुख **श्री तेज गिरी** मिस्टर नेपाल २०१२ को प्रतियोगीतामा उत्कृष्ट ४ मा परी मोस्ट ट्यालेन्ट २०१२ को उपाधि जित्न सफल हुनु भएकोमा उहाँलाई **हार्दिक बधाई** ज्ञापन गर्दछौं ।

**मुक्तिनाथ विकास बैंक लिमिटेड**
**Muktinath Bikas Bank Limited**
केन्द्रीय कार्यालय, पोखरा

# लघुवित्तको वर्तमान अवस्था र चुनौतीहरु



नविन प्याकुरेल

सन् २०१५ सम्ममा विश्वबाटै गरिबी घटाउने उद्देश्यले संचालित संयुक्त राष्ट्र संघको सहश्राब्दी विकास लक्ष्य हासिल गर्ने एक प्रमुख वित्तीय औजारको रुपमा लघुवित्तलाई लिइएको छ। यस अन्तरगत सन् २०१५ सम्ममा कुल १७ करोड ५ लाख गरीब र विपन्न वर्गमा लघुवित्त सेवा पुऱ्याउने उद्देश्यले संसारभर करिब ४ हजार लघुवित्त संस्थाहरू लागिपरेका छन्। जसमध्ये १० करोड ग्राहकलाई प्रतिदिन १.२५ डलर भन्दा माथिको जीवनयापन गर्नमा यस्तो सेवाले मद्दत पुऱ्याउने छ। संसारमा दैनिक २ अमेरीकी डलर भन्दा कम आय हुनेको संख्या करिब ३ अरव छ, जसमध्ये १ अरवको आय दैनिक १.२५ डलरभन्दा कम छ। त्यसैगरी विश्वको करीब ६६% गरीब एशियामा मात्र छन्, जसको आय प्रतिदिन १.२५ डलरभन्दा कम छ। नेपालको कुरा गर्ने हो भने हाल (तेस्रो जीवनस्तर सर्वेक्षण २०६६/२०६७) गरीबीको रेखामुनि रहेका वर्गको संख्या कुल जनसंख्याको २५.१६% रहेको तथ्याङ्कले देखाएको छ। जसमा बिदेशीएका यूवाहरूले पठाएको रेमिटेन्सले गरिबी घटाएको हुदा कुनैपनि समयमा गरिबी बढ्न सक्ने देखिन्छ। त्यसैले पनि नेपालको लघुवित्तको क्षेत्रमा भएको केहि प्रगति आशलाग्दो रहेको छ, भने सम्भावना अधिक रहेको छ ।

लक्षित वर्गको पहिचान, सानो कर्जाको आकार, अनिवार्य सुलभ बचत, समूहको माध्यमबाट घरदैलोमा बचत संकलन तथा विना धितो कर्जा प्रबाह, अति विपन्न, विपन्न साथै ग्रामीण तथा शहरी क्षेत्रमा वित्तीय पहुँच र महिलाको सशक्तिकरण लघुवित्तका विशेषता हुन्। त्यसैले वित्तीय क्षेत्रमा अध्ययन अनुसन्धानमा लाग्नेहरूको लागि यो रोचक विषय भएकोले यो क्षेत्र एउटा छुट्टै उद्योगको रुपमा फस्टाएको छ। लघुवित्त बिषयमा बिद्यावारिधि समेत धेरैले गरिसकेका छन् भने नेपालमा ३ पटक लघुवित्त सम्मेलन सम्पन्न भईसकेको छ र व्यापक अध्ययन अनुसन्धान भई पब्लिक लिमिटेड कम्पनिको रुपमा लघुवित्त बैंकहरू संचालनमा आएका छन्। हिजो थोक कर्जाको लागि दातृ निकायसँग मुख ताक्नु पर्ने अवस्थामा हाल लघुवित्तीय संस्थाहरूलाई थोककर्जा लगानी गर्न ३ वटा लघुवित्त बैंकहरू संचालनमा आएका छन्। विभिन्न गैर सरकारी संस्थाहरूको लघुवित्त कार्यक्रम नियमन भन्दा बाहिर थिए भने आज आएर सबै संस्थाहरूलाई नेपाल राष्ट्र बैंकले नियमनको परिधि भित्र ल्याइसकेको अवस्था छ। ३० हजार भन्दा बढीको लगानीमा अनिवार्य साख सुचना लिनुपर्ने नेपाल राष्ट्र बैंकको नीति सह्रानिय रहेको छ। सर्वसाधारणलाई अनिवार्य रुपले जारी पूँजीको कम्तीमा ३०% साधारण शेयर जारी गर्नुपर्ने नीतिका कारण यो क्षेत्रमा सर्वसाधारणको पनि राम्रो सहभागिता हुन थालेको छ। नियमन, सुपरिवेक्षण, इजाजत व्यबस्था, नीजि क्षेत्रको सहभागिता, कानूनी संरचाना र राष्ट्रिय लघुवित्त नीतिको उपस्थितीको हिसाबले नेपालको लघुवित्त क्षेत्र विश्व लघुवित्त बजारमा निकै सम्पन्न देखिएको छ तर नेपालमा भने यसको बजारीकरण गर्न नसकिरहेको अवस्था छ।

हाल ३२ वटा वाणिज्य बैंक ९० वटा विकास बैंक ६७ वटा फाइनान्स कम्पनीले वित्तीय क्षेत्रमा काम गरिरहेको भएपनि गरिबको लागि विना धितोमा काम गर्ने संस्था न्यून भए तापनि गैर सरकारी संस्थाहरू (निर्धन, स्वाबलम्वन, छिमेकी तथा डिप्रोक्स) आदिले थालनी गरेको बिना धितो समूहगत जमानीबाट शुरु भएको लघुवित्त कार्यक्रम आजसम्म आइपुग्दाको उपलब्धीलाई मूल्याङ्कन गर्दा यसलाई वित्तीय क्षेत्रमा ठूलो फड्कोको रुपमा हेर्न सकिन्छ। हाल नेपालमा संस्थागत रुपमा लघुवित्त क्षेत्रमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त २७ वटा लघुवित्त विकास बैंक ("घ" वर्गका वित्तीय संस्था), झण्डै ४० को हाराहारीमा रहेको वित्तीय मध्यस्थताको कारोबार गर्ने गैर सरकारी संस्था र झण्डै १२,००० को हाराहारीमा रहेका सहकारी सस्थाहरू मध्ये केहि सहकारी संस्थाहरू समेत विपन्न वर्ग कर्जा कार्यक्रम अन्तरगत संलग्न छन्। विभिन्न दातृ निकायको सहयोगबाट संचालित लघुकर्जाका परियोजनाहरू बाहेक गाँउ घरमा स्वावलम्बी समूहहरू असङ्गठित रुपमा यसै क्षेत्रमा कार्यरत छन् भने पछिल्ला दिनमा विभिन्न "क" र "ख" वर्गका वित्तीय संस्थाहरूले पनि सहायक कम्पनिका रुपमा तथा आफैले छुट्टै डेस्क खडा गरी लघुवित्त कार्यक्रम संचालन गरी रहेका छन्। नेपाल राष्ट्र बैंकबाट "क" "ख" र "ग" वर्गको बैंक र वित्तीय संस्थाको इजाजत बन्द गरिएको हालको अवस्थामा यो क्षेत्रमा निकट भविष्यमा अरु धेरै लघुवित्त संस्थाहरू खोलिने संभावना पनि प्रशस्तै छन्।

नेपालमा लघुवित्तको सेवा प्रवाहको पहुँचको कुरा गर्दा झण्डै ६५ जिल्लामा करीब १८ लाख परिवारमा पुगेको भए पनि

विपन्न तथा गरिबी उल्लेख्य रुपमा घट्न सकेको छैन । हालसम्म लघुवित्त कार्यक्रम गरेका संस्थाहरूको वित्तीय सूचनाहरूलाई हेर्दा लघुकर्जाको औसत आकार प्रति सदस्य रु. २५ हजार पनि नाघ्न नसकेको स्थिति छ भने लघु बचतको आकार प्रति सदस्य रु. ५ हजार भन्दा कम छ । लघुकर्जा अन्तरगत प्रदान गर्न सकिने केन्द्रीय बैकद्वारा निर्धारित वर्तमान कर्जा सीमाका तुलनामा लघुकर्जाको यो गहिराइलाई उल्लेख्य मान्न सकिन्न तर पनि गरीब, विपन्न, निर्धन, सिमान्त आर्थिक अवस्थामा परेका वर्ग तथा महिलाको सशक्तिकरणमा यस क्षेत्रले गरेको प्रगति उल्लेख्य रहेको छ ।

केहि वित्तीय संस्थामा मात्र सिमित रहेको यो क्षेत्रमा पछिल्लो ५ बर्षमा नेपाल राष्ट्र बैंकले इजाजत दिने तथा नीतिगत विषयमा अन्य बैंक र वित्तीय संस्थाका तुलनामा केहि अतिरीक्त सुविधा प्रदान गरेको हुंदा यो क्षेत्रको संस्थागत आकार निकै प्रतिस्पर्धी देखिन्छ । बितेका दुई दशकमा नेपालको लघुवित्त क्षेत्रमा संस्थागत विस्तारका साथै नियमन लगायतका विषयमा निकै काम भएपनि यो क्षेत्रमा दोहोरो कर्जाको चर्को समस्या छ । गुणस्तर नियन्त्रणको आधारभूत सिद्धान्त पालना हुन छाडेका छन् । कुनै पनि हालतमा सदस्य बनाएर जबरजस्ती कर्जा भिडाउने जस्ता बिकृति देखिन थालेका छन् । बढी भन्दा बढी मुनाफा कमाउनको निम्ति लघुवित्तको सिद्धान्त बिर्सिदै गएका छन् । यसलाई नाफामुखी भन्दा सेवामुखी बनाउने उद्देश्यले खोलिएको भए पनि वर्तमान समयमा नाफामुखी देखिएकोले जनमानसमा नकारात्मक सन्देश नदेला भन्न सकिदैन । त्यसैले यस क्षेत्रमा देखिएको नराम्रा विकृतिहरू भित्रिएको हुँदा लघुवित्त संस्थाको भविष्य तथा दिगोपना माथि प्रश्न चिन्ह उठेको छ । अहिले यस क्षेत्रमा असल ग्राहकको स्तरोन्नतिको आवश्यकता बढेको छ । साथै साधनको उपलब्धतामा कठिनाई, दिगो प्रकारको लघुवित्त सेवाको अभाव, सुशासन लगायत संस्थागत क्षेत्रमा सुधार गर्न नसकिएको जस्ता थुप्रै चुनौतिहरू छन् । त्यसैले यस्ता विकृति बेलैमा सुधार नभए भारतको आन्ध्र प्रदेशमा लघुवित्तको ऋण तिर्न नसक्ने केहि ब्यक्तिले आत्महत्या गरेका थिए यस्तो समस्या नेपालमा पनि नआउला भन्न सकिदैन । जसले लघुवित्त कार्यक्रम प्रतिको साख घट्न गई आम नेपालीमा नकारात्मक सोच उत्पन्न हुन जानेछ । नेपालको ग्रामीण भेगमा रहेका न्यून आय भएका महिलाहरूलाई पहिचान गरी वित्तीय कारोबारमा आवद्ध गराई गरिबीबाट मुक्ति दिलाउन सञ्चालित लघुवित्त कार्यक्रम शहरमुखी नभई ग्रामीणमुखी हुन जरुरी छ । अबका दिनमा प्रत्येक लघुवित्त संस्थाहरू बीच यथार्थ साख सूचना लिई वास्तविक सदस्यको पहिचान गरी सही ठाउँमा मात्र लगानी गर्न जरुरी छ ।

# कविता

✍ **सावित्रा भण्डारी**

सुन्नु होला मुक्तिनाथ हो यस बैंकको नाम
गाउँमा गई सेवा दिने मुख्य यसको काम ।

गाँउमा भाको सानो सानो गर्छ यसले बचत पनि
परिचालन गरेको छ बिना धितो ऋण पनि ।

दिन्छ सेवा सबैलाई निश्वार्थ भई सधै भरी
पाउनु हुन्न सेवा अन्त मुक्तिनाथको बरोबरी ।

छोडदैन कुनाकानी गाउँ अनि शहर
पुग्दैछ है १० जिल्लामा मुक्तिनाथको लहर ।

विदेशको पैसा आउँछ यसैमा छ लघुवित्त
ठूला ठूला कारोबार पनि छ है यसै भित्र ।

आत्मबल बढाउँछ जनतालाई दिन्छ आँट
गरिब अनि धनीलाई दिन्छ यसले सधै साथ

सेवा दिदै आएको छ गाउँ अनि गरिब छानी
भन्दैन है भिर पाखा जान्छ कुनाकानी ।

जनताको घरदैलोमा पुगेको छ मुक्तिनाथ
सबै खुसी पाएपछि मुक्तिनाथको साथ ।

भन्नुपर्दा नेपालका मुक्तिनाथ हुन ठुला देउता
सबैथरी सेवा दिने मुक्तिनाथ हो बैंक एउटा ।
सबैथरी सेवा दिने मुक्तिनाथ हो बैंक एउटा ॥

गगनगौंडा डेस्क

# बैंकको नयाँ शाखा विस्तार

मुक्तिनाथ विकास बैंक लि. ले २०६९ माघ २६ गते देखि चितवनमा र २०७० बैशाख ५ गतेदेखि बाग्लुङ्ग बजारमा क्रमशः चौधौं र पन्ध्रौं बैंकिङ्ग शाखा विस्तार गरी सेवा सञ्चालनमा ल्याएको छ । यसै गरी आगामी जेष्ठ भित्रमा स्याङ्गजाको चापाकोट र रुपन्देहीको बुटवलमा बैंकिङ्ग शाखा सञ्चालनमा ल्याउने तयारी गरी रहेकोछ । ती कार्यालयहरूबाट आवश्यकता अनुसार लघुवित्त सेवा समेत प्रवाह हुने छ ।

# तालिम तथा गोष्ठीमा सहभागिता

१. मुक्तिनाथ बिकास बैंकले कर्मचारीको क्षमता अभिबृद्धि गर्ने उद्देश्य अनुरूप समय समयमा कर्मचारीहरूलाई तालिम तथा गोष्ठीहरूमा सहभागी गराउदै आएकोछ । यसै अनुरूप नेपाल राष्ट्र बैंक/ वित्तीय सेवा पहुँच अभिबृद्धि आयोजनाद्वारा काठमाण्डौंमा मिति २०६९/०९/०४ देखि २०६९/०९/०७ गते सम्म संचालित “Training of Trainers on Financial Literacy” तालिममा ईकाइ कार्यालय हेम्जाको ईकाइ प्रमुख श्री दिलीप पोखेल सहभागी हुनु भयो ।

२. फर्स्ट माईक्रो फाईनान्स डेभलपमेण्ट बैंक लि.द्वारा मिति २०६९/०९/०८ र ०९ गते काठमाडौंमा सञ्चालित २ दिने “लघुवित्त व्यवस्थापन बिषयक” अन्तरक्रिया कार्यक्रममा ईकाइ कार्यालय अर्घौंको ईकाइ प्रमुख श्री रेशम न्यौपाने सहभागी हुनु भएको थियो ।

३. रुरल माईक्रोफाइनान्स डेभलपमेण्ट सेन्टर लि. द्वारा मिति २०६९/०९/०५ देखि ०७ सम्म काठमाडौंमा सञ्चालित ३ दिने “Revisiting Nepal Microfinance Vision 2015” मा बैंकका अध्यक्ष श्री मीन प्रसाद गुरुङ्ग, प्रमुख कार्यकारी अधिकृत श्री भरत राज ढकाल र लघुवित्त विभाग प्रमुख श्री गोविन्द बहादुर राउत सहभागी हुनु भएको थियो ।

४. राष्ट्रिय दुग्ध विकास बोर्डद्वारा मिति २०६९/१०/०४ गते काठमाडौंमा आयोजित १ दिने “20 Year Dairy Development Vision” कार्यक्रममा डेस्क कार्यालय डुम्रेको डेस्क प्रमुख श्री खेम नारायण रेग्मी सहभागी हुनु भएको थियो ।

> रुरल माईक्रोफाइनान्स डेभलपमेण्ट सेन्टर लि. र Integrated Development Foundation (IDF), Chittagong, Bangladesh को संयुक्त आयोजनामा मिति २०६९/१२/०७ देखि १६ सम्म आयोजित बगंलादेशमा भएको लघुवित्त कार्यक्रमको अबलोकन भ्रमणमा बैंकका अध्यक्ष श्री मीन प्रसाद गुरुङ्ग सहभागी हुनु भएको थियो ।

५. सेन्टर फर माईक्रोफाईनान्सद्वारा मिति २०६९ फाल्गुन २ देखि ५ गते सम्म काठमाडौंमा आयोजित तेस्रो “लघुवित्त सम्मेलन” मा लघुवित्त विभागका सहायक प्रबन्धक श्री विश्व राज घिमिरे, सहायक अधिकृतहरू श्री नविन प्याकुरेल, श्री यादब प्रसाद भट्ट र श्री तेज बहादुर गिरी सहभागी हुनु भएको थियो ।

६. सेन्टर फर माईक्रोफाईनान्सद्वारा २०६९ फाल्गुन २८ र २९ गते काठमाडौंमा आयोजित “सामाजिक कार्य सम्पादन व्यवस्थापन कार्यशाला” गोष्ठीमा बैंकका अध्यक्ष श्री मिन प्रसाद गुरुङ्ग, सञ्चालक श्री राम प्रसाद पोखेल र लघुवित्त विभाग प्रमुख श्री गोविन्द बहादुर राउत र सहायक प्रबन्धक श्री विश्व राज घिमिरे सहभागी हुनु भएको थियो ।

७. सेन्टर फर माईक्रोफाईनान्सद्वारा मिति २०६९ साल चैत्र २२ गते काठमाडौंमा आयोजना गरिएको “सामाजिक कार्य सम्पादन व्यवस्थापन कार्यशाला” गोष्ठीमा बैंकका अध्यक्ष श्री मिन प्रसाद गुरुङ्ग र लघुवित्त विभाग प्रमुख श्री गोविन्द बहादुर राउत सहभागी हुनु भएको थियो । सो गोष्ठीमा बैंकको तर्फबाट समूह प्रवेश पूर्व तालिम निर्देशिकामा आधारित रही ग्राहकहरूलाई प्रदान गरिने सेवा सुविधा र शर्तहरूको पारदर्शिता तथा कर्मचारी कार्य सम्पादन मूल्याङ्कन तथा प्रोत्साहन योजनाबारेमा प्रस्तुतीकरण गरिएकोमा स्वतन्त्र मूल्याङ्कन समितिले गरेको छनौटको आधारमा समूह प्रवेश पूर्व तालिम निर्देशिका उत्कृष्ट र कार्य सम्पादन मूल्याँकन तथा प्रोत्साहन योजना उल्लेखनीयको रूपमा छनौट भएका थिए ।

## गोष्ठी

### आ.व २०६९/७० को केन्द्र प्रमुख गोष्ठी सम्पन्न

बैंकको लघुवित्त कार्यक्रममा आवद्ध सदस्यहरूको सहभागितामा कार्यक्रम प्रति उहाँहरूको सुझाव र गुनासोहरूको संकलन गरी कार्यक्रममा थप गुणस्तरियता ल्याउने, सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने र परिवर्तित नीति नियमको बारेमा जानकारी गराउने उद्देश्यले बार्षिक रूपमा केन्द्र प्रमुख गोष्ठी गर्दै आएको छ । यसै अनुरूप बार्षिक रूपमा सञ्चालन गर्दै आएको केन्द्र प्रमुख गोष्ठी २०६९ साल फल्गुन १६ गतेबाट सुरु भई चैत्र २४ गते सम्पन्न भएको छ ।

गोष्ठीमा लघुवित्त विभाग अन्तरगतका २० वटा कार्यालयहरूबाट झण्डै ३ हजार ७ सय केन्द्र प्रमुख/उप प्रमुखको उत्साहजनक सहभागिता रहेको थियो । गोष्ठीमा सहभागी केन्द्र प्रमुख/ उप प्रमुखहरूले विभिन्न



बिषय माथी जिज्ञासा, सुझाव र माग राख्नु भएको थियो भने बैंकका प्रतिनिधिले जिज्ञासाको समाधान गर्दै सुझाव र मागहरू आगामी दिनमा सम्बोधन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

### भिजन – २०१५ मध्यावधि समीक्षा गोष्ठी २०१२

बैंकले लघुवित्त कार्यक्रमको विकास र प्रवर्द्धन गरी आफ्नो उद्देश्य प्राप्त गर्नको लागि आवधिक लक्ष्य तथा

नीतिगत योजना तर्जुमा गरेको हुन्छ। सोही अनुरूप यस बैंकले पनि आफ्नो पञ्चवर्षिय योजना तयार गर्ने क्रममा रुरल माईक्रोफाईनान्स डेभलपमेण्ट सेण्टर लि. को सहयोगमा आ.व.२०६७/६८ मा Vision 2015 तयार गरेको थियो। सो भिजन-२०१५ अनुसार मध्यावधि सम्ममा बैंकले गरेको उपलब्धी, आई परेका समस्या, आगामी दिनका चुनौती र भावी रणनीति तय गर्ने उद्देश्यले बैंकका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, विभागका पदाधिकारीहरू, मातहतका कार्यालय प्रमुखहरू, फिल्ड



कर्मचारीहरू तथा बैंकका सेवाग्राही सदस्यहरूको सहभागीतामा एक दिने समीक्षा गोष्ठी मिति २०६९/०८/१८ गते पोखरामा सम्पन्न भएको थियो।

**विशेष साधारण सभा सम्पन्न**

यस विकास बैंकको विशेष साधारण सभा मिति २०६८ चैत्र १७ गते शनिवारका दिन पोखरामा संचालक समितिका अध्यक्ष श्री मिन प्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न भयो। यस बैंकको बर्तमान जारी तथा चुक्ता पूँजी रु. २४,५०,००,०००/- लाई बृद्धि गर्नको लागि हाल कायम १० शेयर बराबर ३ शेयरको अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव विशेष साधारण सभाले पारित गरेको थियो।

## गीत

✍ **मिना राना**

मिर्मि फाँटमा हावा सरर, मुक्तिनाथको लघुवित्त गाँउ घरमा छायो हरर
कर्जा दियौ उद्यमी बनाउन [२] पिछडिएका दिदीबहिनी अगाडि बढाउन।
मिर्मि फाँटमा हावा सरर, मुक्तिनाथको लघुवित्त गाँउ घरमा छायो हरर
कर्जा लिई मेहनती बन्नु छ [२], लिएको कर्जा सही ठाउँमा लगाउनु छ।
मिर्मि फाँटमा हावा सरर, मुक्तिनाथको लघुवित्त गाँउ घरमा छायो हरर
आयौ हामी एकजुट बनी[२] आफ्नो भाग्य आफै बनाउछौं भनी।
मिर्मि फाँटमा हावा सरर, मुक्तिनाथको लघुवित्त गाँउ घरमा छायो हरर
धन्यबाद मुक्तिनाथ तिमीलाई [२] सधै साथ दिनु है हामीलाई।
मिर्मि फाँटमा हावा सरर, मुक्तिनाथको लघुवित्त गाँउ घरमा छायो हरर [२]

पौरखी मुक्तिनाथ महिला विकास केन्द्र
उपशाखा मिर्मि

## गीत

✍ **सुमित्रा वि.क.**

सरर मुक्तिनाथको डोरी, फरर फुकेर गाउँ भरी

सुखी जीवन बनाउने उपाय छ भनी
शहरमा मात्र कहाँ हो र गाउँ गाउँमा पनि

सरर मुक्तिनाथको डोरी, फरर फुकेर गाउँ भरी

आय आर्जन गर्नलाई ऋण पनि दिलाउने
स्वावलम्बी अनुशासित बन्नलाई सिकाउने

सरर मुक्तिनाथको डोरी, फरर फुकेर गाउँ भरी

मुक्तिनाथको मूल मन्त्र मनै भरी मनन गरी
घर आँगन सफा राख्ने बालबच्चालाई पनि

सरर मुक्तिनाथको डोरी, फरर फुकेर गाउँ भरी

कुलतबाट हटाउने स्वास्थ्य सन्देश दिने
रुख रोपी बाताबरण जोगाउँ पनि भन्ने

सरर मुक्तिनाथको डोरी, फरर फुकेर गाउँ भरी


झुटो कहिल्यै बोलिदैन सत्य साँचो भनी
मुक्तिनाथले बनायो है हामीलाई ज्ञानी

सरर मुक्तिनाथको डोरी, फरर फुकेर गाउँ भरी

चिनारी मुक्तिनाथ महिला विकास केन्द्र
केन्द्र नं.-३३७८ भरतपोखरी-६,कास्की

## हार्दिक श्रद्धाञ्जली

जन्म :
वि.सं. २००१ श्रावण



स्वर्गारोहण :
वि.सं. २०६९ फाल्गुन २७

स्व.नरहरी ढकाल

यस बैंकको शाखा कार्यालय स्याङ्जाका शाखा प्रवन्धक श्री दण्डपाणी ढकालका पूज्यनिय पिता **नरहरी ढकाल** को स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजन प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ।

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED
परिवार



"जब खुसीको एउटा द्वार बन्द हुन्छ अर्को खुलिहाल्छ। तर प्रायः हामी बन्द द्वार हेर्दै खुल्ला द्वार बिर्सन्छौं।" - हेलेन केलर

# महिलाको साथी मुक्तिनाथ

**अम्बिका भण्डारी**

हालको यो समय र परिबेशले बैंकिङ्ग कार्य चुनौतिपूर्ण बन्दै गई रहेको र आफ्नो कामको पूर्ण सदुपयोग गर्न धैरै कठिन रहेको परिस्थितिमा पनि मुक्तिनाथ विकास बैंकले आफ्नो बैकिङ्ग कारोबारको साथ साथै लघुवित्त कार्यक्रमलाई सरल र सहज बनाउन सफल भएको छ। हामीले देखी रहेकै छौं घर-घरमा बैंक, कोठा-कोठामा सहकारी, टेबुल र बेन्चहरूमा पासबुक पुगेको अवस्था छ अहिले। यो एउटा वित्तीय महोत्सव चलिरहेको अवस्थामा पनि मुक्तिनाथ विकास बैंकले हजारौं हजार दिदी बहिनीमा एक हजारदेखि कर्जा दिएर अति गरिब उत्पीडित अवस्थामा परेका र केही गर्छौं भनी जाँगर चलाउन खोज्ने र जाँगर चलाउने महिलाहरूलाई मुक्तिनाथले सहकार्य गर्दै आएको छ। यही मुक्तिनाथको सहकार्यबाट हजारौं महिलाहरुले आफ्नो जिन्दगीलाई आर्थिक रुपमा संबृद्ध तथा सामाजिक रुपमा उच्च बनाइ आफूलाई सभ्यताको मार्गमा ल्याई सकेका छन् भने मुक्तिनाथले पनि यिनै विपन्न वर्गमा रहेका महिलाहरूको सहकार्य र तिनको इमान्दार लगनशिलताको फल स्वरुप मुक्तिनाथलाई आज थप उर्जा र प्रेरणा पनि मिल्न गएको छ। गरिबी तथा विपन्न अवस्थामा रहेका परिवारलाई  रोजगारीको लागि सीपमूलक तालिम तथा विना धितोको कर्जा प्रवाह गरी  काम गरेकोछ भने यता आफूलाई विना धितो लगानी दिएको कर्जाको किस्ता इमान्दार सँग तिर्दै आएका यी सभ्य नारीहरूलाई पनि सलाम भन्नै पर्ने हुन्छ। हजारौं नारीले आफ्नो आर्थिक तथा सामाजिक अबस्था माथि उठाई  समाजमा चिनिन सफल भएका छन्। म मुक्तिनाथ विकास बैंकलाई पनि सलाम भन्न चाहन्छु जसको लघुवित्त कार्यक्रमले महिलालाई यति अगाडि आउने अवशर दियो। हुन त हाम्रो देशमा पुरुष र महिलामा अति नै भेदभाव छ जति नै शिक्षित र सम्पन्नशील परिवारमा जन्मिएकी र त्यही रहन सहनमा हुर्केकी चेली वा नारी जो कोही पनि एउटा एउटा तर्क वितर्क र स्थानबाट हेपिन पुगेका हुन्छन्। जन्मैदेखि हेपिदै र चेपिदै हुर्केका नारीहरूलाई त पछिको त्यो पराई घरमा पनि अरुको अपहेलना सहन झनै गाह्रो हुन्छ। हिजोका वितेका दिनहरूमा पनि नारीहरूले सहदै आए अहिले पनि सहीरहेका छन् र भोलि पनि सहनु नै पर्नेछ। जति बेदनामा पाके पनि आफूहरू त्यो बेदनाको पोको हृदयमै सेलाउन सक्छन्। अहिलेको समयमा नारीहरू आफ्नो छुट्टै पहिचान देखाएर अगाडि बढ्न कोशिस गरी रहेका छन् यहि लघुवित्त कार्यक्रमको माध्यमद्वारा। नारीहरूमा सभ्यताको विकास भैसकेका छ। नयाँ उद्यम र नयाँ व्यवसाय गरी आत्मनिर्भर हुनेमा अग्रसर भई रहेका छन् नारीहरू साथ मुक्तिनाथ विकास बैंकको लघुवित्त कार्यक्रमले दिई रहेको छ। त्यही  नारीमा भएको क्षमतालाई  मुक्तिनाथले चिन्न सकेको छ। हातमा सीप तथा काम गर्ने जोस जाँगर र ईमान्दारीता भएका महिलालाई रोजगारीको सिर्जना गराई घरबाटमात्र नभै समाजबाट हेपिनु नपर्ने बनाएको छ। प्रत्येक बर्ष  यिनै दिदी बहिनीहरूको भेलाबाट सल्लाह र सुझाव लिएर बैंकले थप नयाँ कामहरू अगाडि बढाउँदै आएको छ र आउँदा दिनहरूमा पनि सबैको सल्लाह र सुझावको अपेक्षा राखेको कुरा यस बर्ष भएको केन्द्र गोष्ठीबाट थाह पाँए। जे होस ढिलै भए पनि गरिबीबाट पिल्सिएका र धनीबाट थिचिएका गरिब तथा विपन्न परिवार तथा अशिक्षित महिलाको सहयात्री भएर मक्तिनाथ आएकोले प्रत्येक घर घरको गरिबी घटाउनमा योगदान रहनेमा म विश्वस्त छु।

ईमानदार बन नारी स्वच्छ छवि छाउँ।
अघि पछि दुवैबाट झलमल बनाउँ।
जून जस्तै सितल बन तारा जस्तै बल।
जानी जानी कहिल्यै गल्ती गर्न हुन्न तर।
आकाश जस्तै फराकिलो विचार रच्न सके।
एक नारीलाई दुःख पर्दा सबै नारी जुट।
सकिन्छ नी एक दिन पक्कै गन्तव्यमा पुग्न।
धेरै छनी हाम्रो हेर गरीमालाई बुझ्न।

दक्षिणकाली मुक्तिनाथ महिला विकास केन्द्र
केन्द्र नं. २४१३, गैह्रापाटन, पोखरा-४

# भन्छौ सबैलाई

✍ **रबीना रोका**

गर्दै हुनुहुन्छ भने राम्रो बैंकको खोजी
ढुक्क भई बचत गरौ मुक्तिनाथलाई रोजी
आजकाल त शहर भरि ला'छन् बैंकको लाईन
तर अल्ली छुटै छ हजुर मुक्तिनाथको पायन

गरिबलाई खोजी खोजी दिन्छ यसले साथ
सबको सेवामा खटिरन्छ नभनी दिन रात
गरिबको दुःख हटाई ल्याउन उज्यालो पन
गरिब माथि लगाई रहन्छ सबै तन मन

लघुवित्त फैलाउदै पुगेको छ गाउँ गाउँ
दीन दुःखी गरिबको  मनमा छा'छ यसको नाउँ
धैरै बैंकको भिडमा हजुर मुक्तिनाथ राम्रो
सेवा गर्ने मौका दिनु अपेक्षा छ हाम्रो
सेवा गर्ने मौका दिनु अपेक्षा छ हाम्रो
बचत गर्ने बानी बसाऊँ
फजुल खर्च गर्नै पैसा बैंकमा जम्मा गर्दा
ढुक्क भई झिक्न पाइन्छ पछि दुःख पर्दा
पैसा भन्ने यस्तो चिज बचत गर्न जान्नु पर्छ
कहिलेकाहीँ त साथी भाइले भनेको'नी मान्नु पर्छ

एकले होइन दुईले होइन सबले बचत गर्ने गरौं
सधैं-सधैं पछि किन अघि पनि सर्ने गरौं
आजैदेखि हटाउँ सबले जाँडरक्सी चुरोट खैनी
सब कुरामा सचेत हुनुपर्छ हामी दिदी बहिनी

फजुल खर्च गर्नु भन्दा बचत गर्ने बानी राम्रो
सानो बचत ठूलो काम गर्छ पछि हाम्रो
कसैले'नी बचत गर्न नगर्नु है आनाकानी
बचत गरी शुरु गराऔं सबले राम्रो बानी
बचत गरी शुरु गराऔं सबले राम्रो बानी

थानीमाई मुक्तिनाथ महिला विकास केन्द्र
केन्द्र नं ३०४० पोखरीभञ्याङ्ग-६ तनहूँ



"असफलता भनेको खस्नु होइन, खसेपछि नउठ्नु हो ।" - मेरी पिक फोर्ड

# पत्रिकामा मुक्तिनाथ विकास बैंक



## लघुवित्तले कर्जा दिनेमात्र होइन स्रोत परिचालन पनि गर्ने हो : गभर्नर

## आर्थिक समाचार

## मुक्तिनाथ विकास बैंकको विशेष साधारणसभा

## मुक्तिनाथ विकास बैंकद्वारा सहयोग

## मुक्तिनाथ विकास बैंकको नाफा ७ करोड

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED

## एकै महिलाले धेरै लघुवित्तबाट ऋण लिन्छन्

## मुक्तिनाथ बैंकको गोष्ठी

## मुक्तिनाथ विकास बैंको शाखा चितवनमा

हिमदूत संवाददाता
पोखरा, २८ माघ:
मुक्तिनाथ विकास बैंक लि. ले शुक्रबार देखि चितवनमा चौथो शाखा विस्तार गरी सेवा संचालन गरेको छ।

'जनता बैंकमा होइन बैंक जनतामा जानुपर्दछ' भन्ने निर्देशक सिद्धान्तलाई आत्मसात गरी बैंकले ... पूँजी एकत्रित गरी बचत गर्ने बानीको विकास हुने बैंकका प्रमुख कार्यकारी अधिकृत भरतराज ढकालले बताए।

आधुनिक बैंकिङ, ग्रामीण बैंकिङ र लघुवित्त सेवा संचालन गर्दै आइरहेको उक्त बैंकले नारायणगढ शाखाबाट पनि छिट्टै लघुवित्त सेवा समेत शुरुवात गर्ने ढकालले बताए। ... भविष्यमै बुटवलको ट्राफिक ... तम्घासको लोकतन्त्र चोक र ... जिल्लाको चापाकोट ... र बजारमा आधुनिक बैंकिङ ... कार्यक्षेत्र भित्रका वित्तिय सेवा ... क्षेत्र छनौट गरी लघुवित्त ... र सञ्चालनमा ल्याउने तयारी ... को बताइएको छ।

## स्वास्थ्य केन्द्रलाई मुक्तिनाथको सहयोग

## मुक्तिनाथद्वारा मैनबत्ती बनाउने तालिम

## मुक्तिनाथ बैंकको सामाजिक सुरक्षा खर्च ३२ लाख

## मुक्तिनाथमा कर्मचारी कल्याणकारी कोष

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED

Govinda Bahadur Raut
Head - Microfinance Department
Muktinath Bikas Bank Ltd

प्रमुख सल्लाहकार : श्री भरतराज ढकाल | सल्लाहकार : श्री तिल बहादुर गुरुङ्ग
प्रमुख सम्पादक : श्री गोबिन्द बहादुर राउत | सम्पादक/संकलक : श्री नविन प्याकुरेल

सम्पर्क ठेगाना:
मुक्तिनाथ विकास बैंक लिमिटेड
Muktinath Bikas Bank Limited
केन्द्रीय कार्यालय, पृथ्वीचोक, पोखरा कास्की, फोन नं. ०६१–५३८०३९
Email : mfd@muktinathbank.com.np